राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन १५ औं वार्षिकोत्सव




वर्ष-१५ ।। अङ्क : २६ ॥ २०७९ फागुन १४ गते आईतबार (26th Feb 2023 Sunday) Pratidin National Daily dNo-?:%÷-

## राष्ट्रपतिमा पौडेल र नेम्वाङको उम्मेदवारी





झापा(प्रस) । राष्ट्रपतिका लागि दुई जनाको मात्रै मनोनयन दर्ता भएको छ । राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन अधिकृतको कार्यालयका अनुसार राष्ट्रपति पदका लागि शनिबार नेपाली कांग्रेसबाट रामचन्द्र पौडेल र नेकपा एमालेतर्फबाट सुवासचन्द्र नेवाङले उम्मेदवारी दर्ता गराएका हुन् ।

यही फागुन २५ गते हुने राष्ट्रपति निर्वाचन हुँदैछ । निर्वाचनका लागि शनिबार बिहान १० देखि दिउँसो ३ बजेसम्म मनोनयन दर्ताको समय तोकिएको थियो । शनिबार नयाँ बानेश्वरस्थित राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन-२०७९ निर्वाचन अधिकृतको कार्यालय पुगेर कांग्रेसका वरिष्ठ नेता पौडेलले उम्मेदवारी दर्ता गराएका हुन् ।

कांग्रेसले शनिबार बिहान केन्द्रीय कार्यसम्पादन समितिको बैठकबाट राष्ट्रपतिमा पौडेललाई उम्मेदवार बनाउने निर्णय गरेको थियो । पूर्वसभामुख, गृहमन्त्री र उपप्रधानमन्त्री भइसकेका पौडेल गत मंसिर ४ मा तनहुँ-१ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य हुन् ।

पौडेलको प्रस्तावकमा शेरबहादुर देउवा, माधवकुमार नेपाल, नारायणकाजी श्रेष्ठ, अशोककुमार राई र अब्दुल खान रहेका छन् भने समर्थकमा महन्थ ठाकुर, पूर्णबहादुर खड्का, रञ्जिता श्रेष्ठ, चित्रबहादुर केसी र हितराज पाण्डे रहेका छन् । पौडेललाई माओवादी केन्द्र, जसपा, नेकपा एस, नागरिक उन्मुक्ति पार्टी, लोसपा, जनमत पार्टी र राष्ट्रिय जनमोर्चाले समर्थन गरेका छन् ।

शुक्रबार रातिको नेकपा माओवादी केन्द्रसहितको ८ दलीय बैठकले कांग्रेस उम्मेदवारलाई राष्ट्रपतिमा सहयोग गर्ने सहमति जनाएका थिए । नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी र राष्ट्रिय जनमोर्चा पार्टीले राष्ट्रपति निर्वाचनमा कांग्रेसलाई समर्थन गर्ने सहमति दिएका थिए ।

शनिबार मनोनयन पत्र दर्ता गराएपछि सञ्चारकर्मीहरुसँग कुरा गर्दै नेता पौडेलले नेकपा एमालेको पनि सहयोग लिएर सर्वसम्मत रुपमा राष्ट्रपतिमा निर्वाचित हुनेमा आफू आशावादी रहेको बताएका छन् । एमाले अध्यक्ष केपी शर्मा ओली आफूसँगै जेल बसेको स्मरण गरेका थिए ।

'एमाले अध्यक्ष केपी ओली पनि मैसँग जेलमा बस्नु भएको हो । लामो समयदेखिको साथी हो । राष्ट्रपति सबैको साझा पद हो । यसमा मलाई जिताउन उहाँले योगदान गर्नुहोला भन्ने लागेको छ,' पौडेलले भने ।

उनले सर्वसम्मत राष्ट्रपति हुनका लागि आफूले प्रयास गरेको पनि बताएका छन् । 'रवि लामिछानेसँग पनि सकारात्मक छलफल भएको छ,' पौडेलले भने । शुक्रबार साँझ बालुवाटारमा भएको बैठकबाट पौडेलको उम्मेदवारीलाई ८ राजनीतिक दलले समर्थन गर्ने जनाएका छन् ।

'नेपालको संविधान २०७२ को अक्षरशः पालना गर्ने, संविधानको रक्षा गर्ने र संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्न अहिले चुनौती छ,' उनले भने, 'नेपाली जनताको हातमा आएको सर्वभौमसत्तालाई बलियो गरेर सुरक्षित राख्नु पर्नेछ । नेपालमा आएको परिवर्तनलाई संस्थागत गर्दै नेपालको उन्नतिका लागि अघि बढ्ने र नेपालको राष्ट्रिय एकता र अखण्डतालाई जोगाउने काममा मेरो सहयोग हुन्छ ।'

उता नेकपा एमालेबाट नेम्वाङले राष्ट्रपति पदका लागि उम्मेदवारी दर्ता गराएका छन् ।

शनिबार दिउँसो नयाँ बानेश्वरस्थित राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन-२०७९ निर्वाचन अधिकृतको कार्यालय पुगेर नेम्वाङले उम्मेदवारी दर्ता गराएका हुन् ।

नेम्वाङको उम्मेदवारी दर्तामा ५ प्रस्ताव र ५ समर्थकमा एमालेकै सांसद रहेका छन् । नेम्वाङको प्रस्तावकमा अध्यक्ष केपी शर्मा ओली, पृथ्वीसुब्बा गुरूङ, गोकर्णराज विष्ट, रघुबीर महासेठ र छविलाल विक रहेका छन् भने समर्थकमा योगेश भट्टराई, टोपबहादुर रायमाझी, जुलीकुमारी महतो महासेठ, दिलकुमारी रावल थापा र अमनकुमार मास्के रहेका छन्।

शनिबार बिहान बसेको केन्द्रीय सचिवालय बैठकले नेम्वाङलाई राष्ट्रपतिको उम्मेदवार बनाउने निर्णय गरेको हो । पूर्वसभामुख नेम्वाङ एमाले उपाध्यक्ष एवम् इलाम-२ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य हुन् ।

शुक्रबार रातिको नेकपा माओवादी केन्द्रसहितको ८ दलीय बैठकले कांग्रेस उम्मेदवारलाई राष्ट्रपतिमा सहयोग गर्ने सहमति जनाएका थिए । नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी र राष्ट्रिय मोर्चा पार्टीले राष्ट्रपति निर्वाचनमा कांग्रेसलाई समर्थन गर्ने सहमति दिएका छन् ।

शनिबार दिउँसो उम्मेदवारी दर्ता गराएपछि सञ्चारकर्मीसँग कुरा गर्दै नेम्वाङले संविधानको संरक्षक भएर काम गर्ने बताएका छन् । नेम्वाङले अहिले जनताका छोराछोरी राष्ट्राध्यक्ष हुने व्यवस्था रहेको समेत बताए ।

पहिले कुनै निश्चित कुल घरानाका निश्चित व्यक्ति मात्र शासक हुने व्यवस्था भए पनि अहिले भने जनताको राष्ट्रपति हुने व्यवस्था आफूहरूले ल्याएको उनले बताए । उनले भने, 'गणतन्त्र स्थापना हुनुअघि निश्चित कुलमा जेठो छोराका रूपमा जन्मेर शासक हुने राष्ट्राध्यक्ष हुने व्यवस्था थियो । तर हामीले बनाएको संविधानअनुसार जुनसुकै कुलघरानामा जन्मिएका छोरा वा छोरी पनि राष्ट्रपति हुने व्यवस्था गरेका छौं । अर्थात जनताको राष्ट्रपति हुने व्यवस्था गरेका छौं ।'

जनताको राष्ट्रपति अनुभुत हुनेगरी आफूले काम गर्ने पनि नेम्वाङले प्रतिबद्धता जनाए ।

त्यस्तै नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले नेपाली कांग्रेस नेतृत्वमा आठ दलीय गठबन्धन नै नबनेको दाबी गरेका छन् । अध्यक्ष ओलीले एमालेको तर्फबाट नेम्वाङले राष्ट्रपति पदका लागि उम्मेदवारी दिएपछि सञ्चारकर्मीसँग यस्तो प्रतिक्रिया दिएका हुन् ।

आठ दलहरूबीच राष्ट्रपतिमा कांग्रेसलाई सघाउने कुनै पनि सहमति नभएको पनि अध्यक्ष ओलीको जिकीर थियो । सत्तारुढ गठबन्धन तलमाथि नभएकाले आफूहरुको उम्मेदवार नेम्वाङ अत्यधिक मतका साथ राष्ट्रपति पदमा विजयी हुने उनको दाबी छ ।

## राप्रपाले छोड्यो संघ र प्रदेश सरकार

झापा(प्रस) । राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा) का मन्त्रीहरूले प्रधानमन्त्री पुष्पकमल दाहाललाई राजीनामा बुझाएका छन् । शनिबार दिउँसो प्रधानमन्त्री निवास बालुवाटार पुगेर राप्रपाका मन्त्रीहरूले राजीनामा बुझाएका हुन् ।

राप्रपाका तर्फबाट सरकारमा सहभागी अध्यक्ष राजेन्द्र लिङ्देनसहितका ४ जना मन्त्रीले बालुवाटार पुगेर राजीनामा बुझाएका हुन् ।

राष्ट्रपति निर्वाचनमा राजनीतिक समीकरण फेरिएसँगै राप्रपाले सरकारबाट बाहिरिने निर्णय गरेको थियो । शनिबार बिहान बसेको पार्टीको केन्द्रीय कार्यसम्पादन समिति बैठक र संसदीय दलको संयुक्त बैठकले पार्टीका सबै मन्त्रीलाई फिर्ता बोलाउने निर्णय गरेको हो ।

अध्यक्ष लिङ्देनले उपप्रधान तथा ऊर्जामन्त्री लिएर सरकारमा राप्रपाको नेतृत्व गरेका थिए । त्यस्तै राप्रपाबाट ध्रुवबहादुर प्रधान कानुन तथा संसदीय



मामिला, विक्रम पाण्डे सहरी विकास र दीपकबहादुर सिंह ऊर्जाराज्यमन्त्री बनेका थिए ।

फागुन २५ गते हुने राष्ट्रपति निर्वाचनका लागि एमाले उपाध्यक्ष सुवास नेम्वाङ र कांग्रेसबाट वरिष्ठ नेता रामचन्द्र पौडेलले उम्मेदवारी दर्ता गराएका छन् ।

शुक्रबार रातिको नेकपा माओवादी केन्द्रसहितको ८ दलीय बैठकले कांग्रेस उम्मेदवारलाई राष्ट्रपतिमा सहयोग गर्ने सहमति जनाएका थिए । नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी र राष्ट्रिय जनमोर्चा पार्टीले राष्ट्रपति निर्वाचनमा कांग्रेसलाई समर्थन गर्ने सहमति दिएका छन् ।

यसैबीच राष्ट्रिय प्रजातन्त्र पार्टीले वाग्मती प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ । राप्रपा संसदीय दलका नेता उद्धव थापाले शनिवारबाटै सरकार छाड्ने घोषणा प्रदेशसभाको बैठकमा गरेका छन् । शनिबार बसेको प्रदेशसभा बैठकको विशेष समयमा बोल्दै खानेपानी, सिंचाई तथा ऊर्जामन्त्री थापाले सरकारबाट अलग भएर अर्को बैठकबाट प्रतिपक्षमा बस्ने घोषणा गरेका हुन् । उनले औपचारि करुपमा प्रदेशका मुख्यमन्त्रीलाई सामूहिकरुपमा राजीनामा बुझाउने बताए । उनका अनुसार प्रदेश सरकारको राम्रा कामलाई समर्थन गर्दै राप्रपाले रचनात्मक प्रतिपक्षको भूमिकामा निर्वाह गर्नेछ ।

उनले सत्तापक्षमा रहदाँसमेत अपहेलित हुनु परेको भन्दै दुःख व्यक्त गरे । राप्रपाले संविधान विपरीतका कुनै पनि कदम नचालेको उनले दाबी गरे । संवैधानिक राजतन्त्र, वैदिक सनातन हिन्दु राष्ट्र निर्माण, संघीयता नभई एकात्मक राज्य व्यवस्थासहित सशक्त स्थानीय तह निर्माण राप्रपाको

❖ बाँकी अन्तिम पृष्ठमा




## जसपा सांसद शहनाज रहमानको निधन

झापा(प्रस) । जनता समाजवादी पार्टीकी सांसद शहनाज रहमानको हृदयघातका कारण निधन भएको छ ।

शनिबार भक्तपुरको घ्याम्पेडाँडामा पिकनिक गएका बेला एक्कासि ढलेकी सांसद रहमानको मध्यपुर अस्पतालमा उपचारका क्रममा निधन भएको जसपाका प्रवक्ता मनिष सुमनले जानकारी दिए । पिकनिकमा एक्कासि ढलेपछि



तत्काल अस्पताल पुऱ्याइए पनि उनलाई अस्पतालका चिकित्सकले मृत घोषणा गरेका हुन् ।

समानुपातिक प्रणालीतर्फबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित रहमान ६३ वर्षकी थिइन् । झापाकी स्थायी बासिन्दा रहेकी रहमान मुस्लिम समुदायको प्रतिनिधित्व गर्दै सांसद बनेकी थिइन् । रहमान जसपाकी केन्द्रीय सदस्यसमेत थिइन् । भद्रपुर नगरपालिका- ८ निवासी रहमान महिला फोरमकी पूर्व अध्यक्ष थिइन्।

# आर्मी भद्रपुर झापा गोल्डकपको फाइनलमा



भद्रपुर(प्रस) । विभागीय टोली त्रिभुवन आर्मी प्रथम भद्रपुर झापा गोल्डकपको फाइनलमा प्रवेश गरेको छ ।

मेची रंगशालामा शनिबार भएको खेलमा अर्को ए डिभिजन टोली संकटा क्लबलाई पराजित गर्दै आर्मीले फाइनलको यात्रा तय गरेको हो । फाइनल पुगेसँगै आर्मीले कम्तिमा ७ लाख रुपैयाँ पक्का गरेको छ ।

निर्धारित ९० मिनेटको समयमा गोलरहित बराबरीमा टुंगिएपछि खेलमा १४ मिनेट समय थप गरिएको थियो ।

थप गरिएको समयको ११ औं मिनेटमा आर्मीका चेतन केसीले गोल गर्दै संकटालाई १-० ले पराजित गरेको हो । आर्मीले पाएको फ्रि-किकलाई केसीले सदुपयोग गरे । सन्तोष केसीको फ्रि-किकलाई उनले जाली चुमाए ।

जितसँगै आर्मीले उपाधिका लागि मछिन्द्र क्लब र एपिएफ फुटबल क्लबबीचको विजेतासँग मंगलबार खेल्नेछ ।

दर्शकले खचाखच खेलमा दुवै टिमले आक्रामक खेल खेलेका थिए । दुवै टोलीले गोल गर्ने अवसरहरु गुमाएका थिए ।

खेलको ८८ औं मिनेटमा आर्मीका रिपु भुलानको पासमा प्रज्ज्वल गुरुङले हेडमार्फत गोल गरे । गोल भएपछि खेलाडीहरु खुसी मनाउन थाले ।

तर, अफसाइडका कारण गोल दिइएन । त्यही बेला संकटाका मनिष डाँगीले बललाई अगाडि बढाउँदै गरेको प्रहार पोस्ट नजिकबाटै बाहिरियो । डाँगीलाई डिबक्सबाहिर आर्मीका जितेन्द्र कार्कीले लडाए ।

शनिबारको खेलको प्लेयर अफ द म्याच आर्मीका सुरज बस्नेत घोषित भए । उनले नगद २० हजार पुरस्कार पाए । पुरस्कारको सौजन्य मनोज सुब्बा तथा परिवारले पिता वीरहाङ लिम्बूको स्मृतिमा गरेको हो ।

आइतबारको अन्तिम सेमिफाइनल खेल मछिन्द्र क्लब र विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफ फुटबल क्लबबीच हुने आयोजकले जनाएको छ ।

गोल्डकपको विजेता टोलीले नगद १३ लाख र उपविजेताले नगद ७ लाख रुपैयाँ पाउने आयोजक समितिका अध्यक्ष दिपेश ढकालले जानकारी दिए ।

प्रतियोगिताको प्रत्येक खेलको प्लेयर अफ द म्याचले नगद २० हजार पाउनेछन् । उत्कृष्ट गोलरक्षक, उच्च गोलकर्ता, उदीयमान खेलाडी, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट फरवार्ड, फाइनल खेलको पहिलो गोलकर्ता र प्रशिक्षकलाई २५ हजार दिइने आयोजकले जनाएको छ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई नगद एक लाख रुपैयाँ दिइने आयोजकले जानकारी दिएको छ ।

# विवादास्पद दुर्गा प्रसाईं एमालेबाट निकालिए



झापा(प्रस) । नेकपा एमालेले मेडिकल संचालकसमेत रहेका केन्द्रीय सदस्य दुर्गा प्रसाईंलाई पार्टीबाट निष्कासन गरेको छ ।

शनिबार बिहान केन्द्रीय कार्यालयमा बसेको सचिवालय बैठकले प्रसाईंलाई पार्टीबाट निष्कासन गर्ने निर्णय गरेको उपमहासचिव पृथ्वीसुब्बा गुरुङले जानकारी दिए । कुनै समय माओवादीनिकट रहेका प्रसाईं पार्टीको सदस्य नबन्दै एमालेको २०७८ असोजमा ललितपुरमा भएको विधान महाधिवेशनमा प्रतिनिधि बनेका थिए । विधान महाधिवेशन सकिएपछि झापामा औपचारिक कार्यक्रम गर्दै उनले एमाले प्रवेश गरेको घोषणा गरेका थिए ।

चितवनको सौराहामा भएको दसौं महाधिवेशनमा उनले आफ्नो जयजयकार गर्न युवाको टोली परिचालन गरेका थिए । महाधिवेशनको हलबाटै उनी केन्द्रीय सदस्य बन्न चाहन्थे तर अनुकूल भएन । पछि केन्द्रीय सदस्यमा मनोनित प्रसाईंले अध्यक्ष ओलीकै चाहनामा उद्योग, वाणिज्य तथा आपूर्ति विभाग उपप्रमुखको भूमिका पाएका थिए । मंसिरमा भएको निर्वाचनपछि भने प्रसाईंको सक्रियता परिवर्तन भएको छ । उनले राजतन्त्र पुनःस्थापनाका लागि अभियान सञ्चालन गरिरहेका छन् । उनले गत सोमबार झापाको काँकडभिट्टाबाट 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति तथा नागरिक बचाऔं महाअभियान' सुरु गरेका छन् । परिवारसहित झापा पुगेका पूर्वराजा ज्ञानेन्द्र शाहले महाअभियानको उद्धाटन गरेका थिए । कार्यक्रममा पूर्वयुवराज पारस, पूर्वअधिराजकुमारी प्रेरणा र पूर्वशाहाज्यादी सीताष्मा उपस्थित थिए । माओवादी सशस्त्र विद्रोहको समयमा ६ महिना सैनिक हिरासतमा परेका प्रसाईंको छवि विवादास्पद रहँदै आएको छ ।

# मोटरसाइकल चोर्दाचोर्दै युवक



झापा(प्रस) ।झापामा दिनहुँजसो मोटरसाइकल चोरीका घटना भइरहेको छ । यसैक्रममा झापा प्रहरीले मोटरसाइकल चोरी घटनामा संलग्न एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा मोरङ जिल्ला रतुवामाई नगरपालिका- ५ निवासी २४ वर्षीय प्रकाश थापा रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

प्रहरीले उनलाई शुक्रबार साँझ पौने ६ बजे झापाको बिर्तामोडबाट पक्राउ गरेको हो । अर्जुनधारा नगरपालिका- ५ निवासी एकराज बुढाथोकीले बिर्तामोड- ४ मा पार्किङ गरी राखेको लु ८२ प १३४६ नम्बरको पल्सर मोटरसाइकल चोरी गरी लैजाँदै गरेको अवस्थामा इलाका प्रहरी कार्यालय अनारमनिबाट खटिएको प्रहरी टोलीले उनलाई पक्राउ गरेको हो ।

मोटरसाइकलसहित पक्राउ परेका उनलाई इलाका प्रहरी कार्यालय अनारमनिमा राखेर थप अनुसन्धान अघि बढाएको प्रहरीले जनाएको छ ।

# सहमति कार्यान्वयन गर्न प्याब्सनलाई आग्रह



भद्रपुर(प्रस) । संस्थागत विद्यालय शिक्षक युनियन (इस्टु) झापाको बैठकले संस्थागत विद्यालयलाई अनिवार्य रूपमा सामाजिक सुरक्षा कोषमा लैजान विगतका सहमति कार्यान्वयनका लागि झापा प्याब्सनसंग छलफल गरी निष्कर्षमा पुऱ्याउने निर्णय गरेको छ ।

माघ ७ गते सम्पन्न पाँचौं अधिवेशनबाट निर्वाचित समितिको पहिलो बैठकले अघिल्लो कार्यकालमा भएका सहमति कार्यान्वयनमा लैजान प्याब्सन, एन प्याब्सन नेतृत्वसंग छलफल गरी संस्थागत विद्यालयका शिक्षक कर्मचारीको अधिकार स्थापित गर्न सशक्त रूपमा अगाडि बढ्ने निर्णय गरेको हो ।

जिल्ला अध्यक्ष होमराज खतिवडाको अध्यक्षता तथा केन्द्रीय सदस्य दिपक भट्टराईको प्रमुख आतिथ्यमा सम्पन्न बैठकले कोरोना कालको ५ महिनाको तलव भुक्तानी गर्ने सहमतिबाट संस्थागत विद्यालय सञ्चालक पछि हटेको कारण प्याब्सन एन प्याब्सन नेतृत्वसित विगतको सहमति कार्यान्वयन नभएको स्मरण गराउँदै अविलम्ब सहमति कार्यान्वयन नगरिए जिल्लाव्यापी आन्दोलनको वातावरण निर्माण गर्ने चेतावनी दिएको छ ।

बैठकले झापाका १५ वटै पालिकाको अधिवेशन २०८० असार मसान्तभित्र सक्ने गरी कार्यतालिका निर्माण गरेको छ ।

# प्रेस सेन्टर झापाको अध्यक्षमा पाठक चयन





सुरुङ्गा(प्रस) । नेकपा माओवादी केन्द्रनिकट प्रेस सेन्टर नेपाल झापाको नवौं जिल्ला अधिवेशनले अध्यक्षमा राजु पाठकलाई सर्वसम्मत चयन गरेको छ । १५ सदस्यीय कार्यसमितिको उपाध्यक्षमा सन्तोष शर्मा, होमप्रकाश अधिकारी र शर्मिला पुरी सर्वसम्मत चयन भएका छन् भने सचिवमा पुष्प खड्का, सह-सचिवमा सुमित भण्डारी र विरेन्द्र सुब्वा र कोषाध्यक्षमा केशव चापागाई चयन भएका छन् ।

कनकाई नगरपालिकास्थित सुकेडाँगी सामुदायिक बनको सभाहलमा शनिवार भएको अधिवेशनले सदस्यमा टिकाराम बास्तोला, दर्पण शर्मा, प्रेमबहादुर तामाङ, रतन बुढाथोकी, बालदिवस तामाङ, पर्वत तामाङ र भोला तिम्सिनालाई चयन गरेको छ ।

प्रेस सेन्टर नेपाल झापाका अध्यक्ष झुलन रेग्मीको अध्यक्षतामा भएको अधिवेशनको उद्घाटन कार्यक्रममा पूर्व सञ्चारमन्त्री तथा नेकपा (माओवादी केन्द्र) का सचिव राम कार्की (पार्थ) को प्रमुख आतिथ्य रहेको थियो । स्वागत संगठनकी उपाध्यक्ष सुष्मा कुमालले गरेको कार्यक्रमको सञ्चालन सचिव उद्धव पुरीले गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि कार्की, प्रेस सेन्टर नेपालका उपाध्यक्ष विवेक गौतम, संगठनका प्रदेश १ अध्यक्ष विनोद घिमिरे, नेपाल पत्रकार महासंघ झापाका उपाध्यक्ष केशव भट्टराई, संगठनका पूर्व अध्यक्ष तारामणि सापकोटा, नेपाल प्रेस युनियनकी केन्द्रीय सचिव रेजिना गौतम, प्रेस चौतारी झापाका अध्यक्ष मनकुमार गदाल, समाजवादी प्रेस संगठन झापा उपाध्यक्ष दिलिप थापा, आदिवासी जनजाति पत्रकार महासंघ झापाकी अध्यक्ष भूमिका सुब्वा, सुकेडाँगी सामुदायिक बन उपभोक्ता समूहकी शान्ति घिमिरे, मेचीनगर प्रेस क्लबका अध्यक्ष डम्बर बराललगायतले शुभकामना मन्तव्य राखेका थिए ।

## राप्रपाले..

एजेन्डा भएको उनले बताए ।

राप्रपाले सरकारमा गएर पनि यिनै मुद्दाहरुमा काम गर्ने योजना बनाएको र वर्तमान अवस्थाको राजनीतिक घटनाक्रमका कारण आफूहरु सरकार छाड्न बाध्य भएको उनले बताए । जनताको मागलाई सम्बोधन गर्दै संघीयता खारेजीको वकालत गर्दै आएकोमा सरकारको नेतृत्वकर्ताले संविधानको बर्खिलाप भएको भन्दै स्पष्टीकरण सोध्नु गलत भएको उनले बताए ।

आगामी दिनमा पनि सरकारमा आउने मन्त्री र पदाधिकारीलाई सहयोग गर्दै संघीयता खारेजीको माग निरन्तर गर्ने उनको भनाइ छ । प्रदेशसभामा राप्रपाका १३ सांसद रहेका छन् ।

यता १ नम्बर प्रदेश सरकारका उद्योग, कृषि तथा सहकारी मन्त्री भक्ति सिटौलाले आइतवार राजीनामा दिने भएका छन । शनिवारै राजीनामा बुझाउने भए पनि सार्वजनिक बिदा भएकाले आइतवार मात्रै बुझाउने उनले बताए ।

राप्रपा केन्द्रीय कार्यसम्पादन समिति र संसदीय दलको शनिवार बसेको संयुक्त बैठकले संघ तथा प्रदेश सरकारबाट बाहिरिने निर्णय गरेपछि उनले राजीनामा दिने भएका हुन् ।

सिटौला पुस २५ गते विनाविभागीय मन्त्री नियुक्त भएका थिए । त्यसको झन्डै पन्ध्र दिनपछि मात्रै उनले मन्त्रालयको जिम्मेवारी पाएका थिए ।

यसैबीच राष्ट्रिय प्रजातन्त्र पार्टी सरकारबाट बाहिरिएपछि त्यसको असर गण्डकी प्रदेशमा पनि देखिएको छ । गण्डकी प्रदेशमा राप्रपाबाट सरकारमा नेतृत्व गरेका सामाजिक विकास तथा स्वास्थ्यमन्त्री पञ्चराम गुरुङले पार्टीको निर्देशन पालना गर्नुपर्ने भन्दै 'सम्भवत' आइतवार राजीनामा दिने बताएका छन् ।

समानुपातिक प्रणालीबाट दुई सिट जितेको राप्रपाले पहिलो पटक गण्डकी प्रदेशसभा प्रवेश गरेको थियो । राप्रपा संसदीय दलका नेतासमेत रहेका गुरुङले नैतिकताको आधारमा पनि सरकारबाट बाहिरिनुपर्ने बताए ।

'केन्द्रमा पार्टी सरकारबाट बाहिरिएको छ । हामीलाई पनि प्रदेशबाट बाहिरिने निर्देशन आएको छ,' गुरुङ भन्छन्, 'शनिबार बेलुका संसदीय दल र पार्टी प्रदेश कार्यालयको बैठक छ । बैठकमा छलफल गर्छौं र आइतबार मुख्यमन्त्रीसमक्ष राजीनामा बुझाउनेछु ।' केन्द्रको राजनीतिक समीकरण उथलपुथल हुने संकेत पाएपछि मन्त्री गुरुङ शुक्रबार संघीय राजधानी पुगेका थिए । शनिबार दिउँसो उनी पोखरा फर्किएका हुन् ।


## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड , झापा

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

बिर्तामोड नगरपालिकाको आह्वान, हात्तीपाइले रोग मुक्त नगर हाम्रो अभियान

## हात्तीपाइले रोग विरुद्धको औषधी खुवाउने बारे बिर्तामोड नगरपालिकाको अत्यन्त जरुरी सूचना

यस बिर्तामोड नगरपालिका अन्तर्गतका १० वटै वडाहरूमा यही मिति **२०७९ फागुन ११ गतेदेखि** हात्तीपाइले रोग विरुद्धको औषधी तालिम प्राप्त स्वास्थ्यकर्मीहरुद्वारा खुवाइने व्यहोरा सम्पूर्ण नगरबासीहरूमा जानकारी गराइन्छ । यो अभियान **२०७९ फागुन १७ गतेसम्म** सञ्चालन हुने भएकोले उक्त औषधि आफूले सेवन गरी आफ्नो परिवारलाई समेत सेवन गराई जनस्वास्थ्य समस्याको रूपमा रहेको हात्तीपाइले रोगबाट हुने अपाङ्गताबाट बच्न तथा बचाउनु हुन सबैमा हार्दिक अनुरोध छ ।

### हात्तीपाइले रोगका लक्षणहरू

- ज्वरो आउने
- शरीरमा कम्पन हुने
- लिम्फनलीहरू सुन्निने र रातो भई दुख्ने
- हातखुट्टामा निला धर्साहरू देखिने ।
- शरीरका विभिन्न भागमा गिर्खाहरू बढ्ने तथा पुरुषको अण्डकोष वरपर नसाहरू फुल्ने ।
- पुरुषमा अण्डकोष ठूलो भई हाइड्रोशिल हुने ।
- महिलामा यौनाङ्ग तथा स्तन सुनिने र दुख्ने ।
- खुट्टाहरू सुन्निएर हात्तीपाइले हुने ।
- पिसाब सेतो वा रातो आउने ।
- लामो समयसम्म सुख्खा खोकी लागिरहने ।
- दम बढ्ने तथा रगतमा इसिनोफिलिया बढ्ने आदि ।

दुई वर्ष मुनिका बालबालिकाहरू, गर्भवती महिला तथा सात दिनभित्रका सुत्केरीहरू र ओच्छ्यान लागेका सिकिस्त बिरामीहरू बाहेक सबैले यस रोगबाट उत्पन्न हुने समस्याहरूबाट छुटकारा पाउन अनिवार्य रूपमा यो औषधि सेवन गर्न सकिने कुरा जानकारी गराइन्छ ।

बिर्तामोड नगरपालिका
स्वास्थ्य शाखा
प्रदेश नं. १, झापा

## सार्वजनिक यातायातलाई व्यवस्थित गरौं

- सार्वजनिक यातायातका साधनमा यात्रा गर्दा सामाजिक मर्यादा र शिष्टाचारको पालना गरौं।
- यात्रु, चालक र सहचालकले एक-आपसमा मर्यादित र शिष्ट व्यवहार गरौं।
- सार्वजनिक यातायातका साधनमा हानी नोक्सानी नपुऱ्याऔं।
- सवारी साधनमा भाडादर देखिने गरी टाँसी तोकिएको भाडादर मात्र लिनेदिने गरौं।
- सार्वजनिक यातायात सञ्चालनको समय तालिका सार्वजनिक गरी त्यसको पालना गरौं।
- तोकिएको स्थानमा मात्र यात्रु उकाल्ने र ओराल्ने गरौं।
- आरक्षित सिटमा सम्बन्धित यात्रुलाई नै प्राथमिकता दिऔं।
- ट्राफिक नियमको पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## गुगल रेष्टुरेन्ट एण्ड बार

शान्त तथा पारिवारिक वातावरणमा विभिन्न किसिमका स्वादिष्ट भेज तथा ननभेज परिकारका खानाहरु , मःम , चाउमिन , थुप्पा , सेकुवा, हुक्का तथा पेय पदार्थ सरल तथा सुपथ मूल्यमा पाउनुका साथै होम डेलिभरीको पनि सुविधा छ ।

स्वादिष्ट खानाको लागि हामीलाई सम्झनुहोस्



गुगल रेष्टुरेन्ट एण्ड बार
भद्रपुर रोड , बिर्तामोड (कुमारी बैंक पछाडी)
मो : ९८४२६७७३७७ , ९८०७९०४४३० , ९८०३२८०२३२
Free WiFi


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

प्रतिदिन अभिव्यक्ति

# एकपटक फेरि



• बिक्रम गुरुङ

घाम डुब्नै लागेको थियो। पोखरीमा हल्लिरहेको पानीमा रुखको छाँया पनि हल्लिरहेको थियो। पोखरीको छेउमा रहेको बेञ्चमा एक्लै बसेकी दिपा एकसुरले पोखरीमा हेर्दै सोचमग्न छिन्। तिनी दुई दिनअघि आमालाई भेट्न काठमाडौंबाट पोखरा आएकी थिइन्। त्यसैले आज साँझ लाग्नेवित्तिकै उनको खुट्टा स्वतः यो प्यारो ठाउँतिर लम्केको थियो। 'ओहो! दिपा तिमी?' दिपाले यो आवाज कसको हो भनेर पछाडि फर्केर नहेरी चिन्न सकेकी थिइन् । तिनी जुरुक्क उठेर फर्केर हेर्दा आफ्नो सामुन्ने विवेकलाई देखिन्।

विवेकले सोध्यो- 'कस्तो छ? कहिले आयौ?'

'दुई दिनअघि,' आफूलाई सम्हाल्दै भनिन्, ' तिमीलाई कस्तो छ?'

विवेकले मुस्कुराउँदै सोध्यो- 'कस्तो देखिएको छु?'

दिपा हल्का मुस्कुराइन्।

'अझ केही दिन बस्छौ होला नि?'

'पर्सि फर्किन्छु होला, अब म जान्छु पनि।'

'केहीबेर बस न!'

'आमाले पर्खिरहनु भएको होला!'

'तिमी भोलि यही समयमा यहाँ आउँछौ?'

'अँ... आउँछु,' केही सोच्दै भनिन्।

'त्यसो भए भोलि भेटौँला।'

'हुन्छ' भन्दै दिपा घर गइन्। घर आउँदा दिपाको मन उत्साहले भरिएको थियो। उही अनुभूति, उही चाहना, एउटै आकर्षण वर्षौंपछि तिनले यो सबै महसुस गरेकी थिइन्। राति सुत्न पल्टँदा सम्झी उसको पहिलो माया, जुन विवेकको रूपमा उसको जीवनमा आएको थियो।

दाइजो लोभी विवेकका बुबाको कारण दिपाले आफ्नो पहिलो माया गुमाएकी थिइन्। त्यसपछि दिपाले लामो यात्रा गरिसकेकी थिइन्। उसको पहिलो मायाबिना कसरी जीवन बाँचिन्, यो जसले भोगेको छ उसलाई मात्र थाहा हुन्छ। दिपाको मानसपटलमा विगत घुम्न थाल्यो। विवेकको बुवाले धनी घरको एक्ली सन्तान राधिकासँग बिहे गराएर आफ्नो चाहना पूरा गरे। दिपाले पनि आमाबुवाको चाहनाअनुसार आज्ञाकारी छोरीले जस्तै आज्ञा शिरोपर गरेकी थिइन्। बिहेको रात दिपाले विवेकको सम्झनामा सबै आँसु बगाएकी थिइन्, त्यसपछि उनी पूर्ण इमानदारीका साथ आफ्नो श्रीमान् अर्जुनको जीवनमा सामेल भएकी थिइन्। विवाहको ८ वर्ष बितिसक्दा पनि अर्जुन र छोरी दिक्षाका साथ पूर्णरुपमा घरपरिवारप्रति समर्पित भएकी थिइन्। यतिका वर्षहरूमा आमा घरमा आउँदा विवेकसँग एक/दुई पटक मात्रै भेट भएको थियो र औपचारिकतामा मात्रै कुरा टुङ्गिएको थियो।

दिपा धेरै दिनदेखि निकै दुःखी थिइन्। घर, श्रीमान्, छोरी, आफन्त, समयको कुन जालमा फसिन् थाहै भएन। मन र मनको स्तरमा समानता नहुने हो भने मायाको बोट छिट्टै सुक्छ भन्ने थाहा पाएकी छिन्। दिन प्रतिदिन प्रगतिको सिँढी चढिरहेको अर्जुनले घरमा पनि आफूलाई अफिसर र आफ्नी श्रीमतीलाई मातहतको कर्मचारी मान्न थालेको महसुस गरेकी थिइन्। उसको हरेक कुरा आदेशात्मक हुन्थ्यो, चाहे त्यो घनिष्ठ क्षण किन नहोस्। आजसम्म उनी र अर्जुनबीच कुनै भावनात्मक सम्बन्ध थिएन।उनी अर्जुनसँग आरामसँग बसेर कुरा गर्न चाहन्थिन्। उनलाई लाग्दथ्यो उनीहरूको माया केवल औपचारिकतामा मात्रै सीमित थियो। अर्जुनलाई मनको भावना कसरी व्यक्त गर्ने थाहा थिएन। श्रीमतीको प्रशंसा गर्दा सायद उसको अहंकारमा चोट पुग्दथ्यो। दिपालाई अब अर्जुनको व्यवहारको बानी परिसकेको थियो। विगत र वर्तमानमा भौतारिँदै गर्दा दिपाको आँखामा कतिबेला निन्द्रा लाग्यो पत्तै भएन।

भोलिपल्ट दिक्षालाई आमासँग छोडेर दिपा 'म केही बेरमा आउँछु' भन्दै पोखरीको किनारमा पुगिन्। विवेक पहिलेदेखि नै उनको पर्खाइमा थियो। उसको हातमा दिपालाई मनपर्ने खानेकुरा थियो।

दिपाले अचम्म मान्दै सोधिन्, 'तिमीलाई अझै याद छ?'

विवेक केही बोलेन, मुस्कुराइरह्यो।

दिपा चुपचाप ढुंगामा गम्भीर मुद्रामा बसेकी थिइन्। विवेकले दिपालाई गम्भीर देखेपछि सोच्न थाल्यो कि ऊ सधैँ हाँसी रहन्थिन्। आज किन यति गम्भीर देखिएकी? के तिनको हाँसो, ती सपनाहरू यी वर्षहरूमा हराए?

त्यसपछि विवेकले उसलाई खानेकुरा हातमा राख्दै सोधे, 'कस्तो चल्दैछ जिन्दगी?'

'ठिकै छ,' दिपाले लामो सास फेरिन्।

'ठिकै छ कि ठिक छ? दुई मा फरक छ, तिमी किन उदास देखिन्छौ?'

दिपाले विवेकको आँखामा हेरिन्। कति सत्यता छ, कुनै छल छैन, कति सजिलै आफ्नो मनका कुरा पढेर आफ्नो दुःख बाँड्न खोजिरहेकी छ। एक्कासी दिपालाई आफू बाक्लो, बलियो रुखको छाँयामुनि सुरक्षित र निश्चित भएर बसिरहेको महसुस गरिन्।

'भन, तिम्रो श्रीमती र छोराछोरीको कस्तो छ?'

'राधिका ठिकै छिन्। क्लब, पार्टीमा व्यस्त हुन्छिन्, छोरा उत्तम ५ वर्षको भएको छ। तिम्रो श्रीमान् र छोरी आएनन् ?'

'अर्जुनलाई कामबाट समय निकाल्न फुर्सद हुँदैन र दिक्षालाई आमासँग छाडेर आएको छु।'

'त्यसोभए अर्जुन धेरै व्यस्त छ?'

दिपाले जवाफ दिइनन्।

'के सोच्दै छौ दिपु?'

विवेकको मुखबाट 'दिपु' सुनेर दिपालाई राम्रो लाग्यो। त्यसपछि उनले भनिन्, ' यस्तै भयो, मुट्ठीको बालुवा चिप्लिएझैं तिमी मेरो जिन्दगीबाट निस्केका थियौ र थाहा छैन आज कसरी हामी दुवैजना यसरी बसेका छौँ।'

'तिमी खुसी छौ, हैन दिपु?'

एकपटक दिपाले विवेकलाई हेरिन्, विगतसँग जोड्ने कुरा अझै थियो। उही मनमोहक मुस्कान, आँखामा उस्तै स्नेह र विश्वसनीयता।

'तिमी आज पनि धेरै भावुक भएकी छौ दिपु।'

'हामीले जति नै इमान्दार हुने प्रयास गरे पनि कहिलेकाहीँ गहिरो पीडा महसुस हुँदोरहेछ।'

'तर तिम्रो र अर्जुनबीचको सम्बन्ध संसारको सबैभन्दा बलियो सम्बन्ध हो, किन बिर्सँदैछौ?'

'सम्बन्ध मनको हुन्छ तर अर्जुनसँग कहाँ कुरा बिग्रेको छ थाहा छैन।'

आज विवेकलाई भेटेपछि दिपाले आफूलाई नियन्त्रणमा राख्न सकिनन्। उनले विवेकको अगाडि आफ्नो पीडा पोखिन, 'विवेक, अर्जुन एकदमै व्यवहारिक मान्छे हो। हाम्रो घरमा सुखसुविधाको कुनै कमी छैन, तर ऊ भावनाको प्रदर्शन गर्न जान्दैनन्। हाम्रो एकै किसिमको दिनचर्या जस्तो जीवन निरस छ। दुवैजना सँगै बस्दा पनि कहिलेकाहीँ हामी दुईबीच बोलचाल हुँदैन। जिन्दगीमा सँगै बस्नु, सुत्नु, खानु, पारिवारिक कार्यक्रममा जानु सबै कुरा हुन्छ तर हाम्रो सम्बन्धको न्यानोपन कहाँ हरायो थाहा छैन। अर्जुनलाई मेरो मनबाट टाढा रहेको महसुस गर्छु। अब त लाग्दैछ अर्जुन र म खोलाका दुई किनाराजस्तै भएका छौं। हामीबीचको खाडल मेटाउन सक्ने छैनौ। थाहा छैन आज किन तिमीबाट केही कुरा लुकाउन सकिनँ।'

'तर अझै पनि हामीले त्यो खाडललाई पुर्ने प्रयास गर्नुपर्छ दिपु। मलाई अहिले कुनै दुःख छैन किनभने मैले राधिकाको अहंकारको अगाडि समर्पण गरेको छु। उसलाई आफ्नो बुबाको सम्पत्तिको धेरै घमण्ड छ र उसको नजरमा मेरो कुनै हैसियत छैन, तर म यसमा केही गर्न सक्दिनँ। यी अवस्थाहरू परिवर्तन गर्न सकिँदैन। हाम्रो विवाह जससँग भएको छ भन्ने तथ्यलाई अस्वीकार गर्न सक्दैनौं। हामीले अर्जुन र राधिकालाई उनीहरू जस्ता छन् त्यसरी नै स्वीकार गर्नुपर्छ। तिनीहरूलाई बदल्ने प्रयास गर्नु मूर्खता हो। उनीहरूकै अनुसार आफैलाई ढाल्नु राम्रो हो नत्र सारा जीवन रिस, द्वेष, झगडा र विवादमा बित्नेछ।'

'तर के यो सम्झौता गरेजस्तो होइन र? सम्झौतामा सुख र माया कहाँ हुन्छ र?'

दिपाको अवस्था देखेर विवेक दुखित भएको थियो। त्यसैले सम्झाउँदै उनले भने, 'दिपु, सम्झौता भन्नु हुँदैन। अफिसदेखि लिएर साथीभाइ, छिमेकी, आफन्त सबै ठाउँमा, हामी हरेक मोडमा मिल्न खुसीसाथ तयार हुनुपर्दछ। त्यसोभए जीवनभर सँगै बिताउने यो सम्बन्धमा किन सम्झौता नगर्ने?' विवेकको कुरा सुन्दासुन्दै दिपा सोचमा डुबेकी थिइन् कि पहिलो प्रेममा यस्तो हुन्छ, जसले जीवनमा संजीवनी र विष दुवैको काम गर्छ। तर उनले अमृतको सट्टामा विष पिइरहेकी थिइन्। दुवैको हृदयमा चोखो मायाको सागरको छालझैँ तरंगहरू फैलिरहेको थियो। विवेकको पनि सायद यस्तै मनस्थितिबाट गुज्रिरहेको थियो। दिपाले आफूलाई विवेकले हेरिरहेको देखेपछि मुस्कुराउने हरसम्भव प्रयास गर्दै भनिन्, 'के भयो, तिमी किन चुपचाप बस्यौ? के तिमी पनि आफ्नो जीवनलाई मिलाउँदा मिलाउँदै मानसिक रुपमा थाकेका छौ?'

'होइन, मलाई अझै लाग्छ कि विवाह जीवनको एउटा सुन्दर चरण हो, जहाँ संयम र धैर्यता कायम राख्न आवश्यक हुन्छ। सम्झौता गर्ने स्वभाव भएकाहरूले मात्र यस मोडमा सुन्दर दृश्यको आनन्द लिन सक्छन्। मेरो कुरामा विश्वास गरेर हेर दिपु, जिन्दगी अलि सहज बन्नेछ। तिमी आफ्नो ख्याल गर, हामी दुवै जहाँ बसे पनि हृदयमा सधैं साथ रहनेछौ। मनसँग जोडिएको सम्बन्ध कसले छुट्याउन सक्छ र? हामीले एकअर्कालाई विश्वासको त्यो आधार दिनु पर्छ, ताकी हाम्रो दाम्पत्य जीवनको जग खोक्रो नहोस्। अर्को पटक भेट्दा तिम्रो अनुहारमा त्यही मुस्कान हुनुपर्छ, जुन यसपटक काठमाडौंमा छोडेर आएकी छौ।'

यति भनिरहँदा विवेकको ओठमा हाँसो फुट्यो, दिपा पनि मुस्कुराइन्।

'अब जाऔँ, तिम्रो छोरीले पर्खिरहेकी होली? अर्कोपल्ट आउँदा भेट नगरी नजानू' भन्दै विवेक हाँस्यो।

दुवै जना आ-आफ्नो घर फर्किए। विवेकको निर्दोष, चोखो मायाप्रति दिपाको मन श्रद्धाले भरिएको थियो। घर फर्केपछि, दिपाले आफूले अर्जुनलाई मनैदेखि ग्रहण गर्ने निर्णय गरिन्। माया र समर्पण गरेर कोही सानो हुँदैन। उनले फेरि एकपटक आफ्ना चकनाचुर सपनाहरूलाई एक ठाउँमा ल्याउने प्रयास गर्नेछिन्। दिपाको मनमा अर्जुनप्रति थुप्रिएको रिस अब समाप्त भएको थियो।

# अब मलाई म्यासेज नगर है!



• विवेक अर्याल

'तिमी निकै राम्रो नाच्दी रहिछौ' उनलाई फेसबुकमा साथी बनाएपछि म्यासेज गरेँ।

केहीबेरमै उनले पनि म्यासेज गरिन्, 'हाहा धन्यवाद।'

अनि हाम्रो कुराहरू सुरू भयो, अनि बिस्तारै गर्दै हामी नजिकिँदै गयौं।

हामी दुबै जना एउटै कलेजमा पढ्थ्यौं। मभन्दा उनी एक ब्याच जुनियर थिइन्। प्रथम वर्षका विद्यार्थीहरूलाई स्वागत गर्ने कार्यक्रममा उनलाई पहिलोपटक देखेको थिएँ। सानी डल्ली, सुन्दरताले भरिपूर्ण अझ चस्मा लगाउँदा झन् राम्री देखिने, नाच्न नि मज्जाले जानेकी। त्यो दिन मेरो ध्यान जति सबै उनीतिरै थियो। जसोतसो उनको नाम पत्ता लगाएँ, आरती पौडेल।

साँझ फेसबुकमा आइडी खोजेर म्यासेज गरेँ अनि फेसबुकबाट नजिक भएका थियौं।

आरती र मेरो बारेमा कलेजका साथीहरूलाई केही थाहा थिएन। कलेजमा उसको र मेरो भेट हुँदा बोलचाल हुँदैनथ्यो। उनी मलाई हेरेर मुसुक्क मुस्कुराउँथिन्। म पनि सोही गर्थे। हाम्रो कुराहरू फेसबुक च्याटमा र भिडिओ कलमा मात्र सीमित थियो। एकाबिहान कलेजतर्फ लम्किँदै थिएँ। कलेजको गेटनेर आरतीलाई देखेँ। उनी कसैको प्रतिक्षामा थिइन्।

'कसलाई कुरेको? जाने हैन?' मैले सोधेँ।

'तिमी आउँदै गरेको देखेर कुर्दै' उनले मुस्कुराउँदै जवाफ दिइन्।

'अनि साँच्चै, आज कलेज सकिएपछि बाहिर जाने है तिमी र म' उनले भनिन्। उनको कुराले एकछिन अकमक्क परेँ र भने

'किन?'

'आज सानो एउटा कार्यक्रम छ ' हाँस्दै कुरा लुकाउन खोजिन्।

'कस्तो कार्यक्रम हो? मैले त केही बुझिनँ। भन न राम्रोसंग' म उनको कुरामा निकै उत्सुक थिएँ।

'त्यस्तो केही हैन, अहिले गएपछि थाहा भैहाल्छ नि। अब कलेज सकेपछि भेट्ने है' यति भन्दै उनी आफ्नो कक्षाकोठामा छिरिन्।

उनको कुराले म दिनभर उत्सुक भइरहेको थिए। कलेज बिदा भएपछि भेट गयौं। उनको स्कुटर चढेर लाग्यौं गन्तव्यतिर। मलाई केही थाहा थिएन, जाने कहाँ हो, के कार्यक्रम हो, गर्ने के हो। बाटोमा उनलाई सोध्ने प्रयास गरेँ, तर भन्न चाहिनन्।

मलाई उत्सुकता र खुलदुलीले सताइरहेको थियो। हावाको चिसो सिरेटो, बाटोको धुलो खाँदै, साना साना गल्लीहरू छिचोल्दै एउटा सुन्दर रेस्टुरेन्ट अगाडि पुगेर स्कुटर रोकियो।

'ल यही हो' उनले भनिन्।

'यहाँ चाहिँ किन?' मलाई निकै उत्सुकता लाग्यो।

'त्यत्तिकै' उनको सामान्य जवाफ आयो।

आरती धनी बुवाआमाकी छोरी थिइन्। काठमाडौंमा चार तले घर, बुवाआमा दुबै सरकारी जागिरे। उनलाई पैसाको कुनै कमी थिएन। रेस्टुरेन्टमा गएर बसियो। रेस्टुरेन्ट निकै सुन्दर थियो। झट्ट हेर्दा कुनै राजाको महल जस्तो देखिन्थ्यो। त्यस्तो राम्रो ठाउँ



मैले देखेकै थिएन।

'के खाने?' उनले मेन्यू हेर्दै सोधिन्। मैले मेन्यू पल्टाएर खाना हेर्न लागेँ, कहिलै नसुनिएका खानाका नामहरू थिए। अझ कुनै कुनै खानाको नाम राम्रोसँग उच्चारण गर्न पनि मुस्किल पर्थ्यो मलाई। मेन्यू बन्द गरेँ।

'तिमी नै भन, तिमी जे भन्छौ त्यही खाने' उनले खाना मगाइन्।

'अब त भन्छौ होला नि, खासमा के हो कुरा?' मैले सोधेँ।

'ए त्यस्तो खासै केही हैन। मेरो क्यानडाको भिसा लाग्यो, त्यसैले आज तिमीलाई सानो पार्टी। अरू केही हैन' उनले खुसी हुँदै भनिन्। तर म अचम्ममा परेँ।

'भिसा लाग्यो? ' म दङ्ग हुँदै सोधेँ।

'अँ पहिलैदेखि बाहिर जाने प्रयास गर्दै थिएँ, अनि अहिले बल्ल भिसा लाग्यो। बीचमा कोभिड भयो, अनि मेरो कागजपत्रहरू पनि मिलेको थिएन। अनि अहिले बल्लबल्ल भिसा लाग्यो' उनी निकै उत्साहित देखिन्थिन्। तर मलाई उनको कुराले अचम्मित बनाएको थियो।

अनि पढाइ छोडेर जाने?

'बल्ल बल्ल भिसा लागेको छ, पढाइ त उता नै गर्छु।'

जता गए नि पढ्ने नै हो, बरू यही पढाइ सकेर गए राम्रो हुन्थ्यो। तिम्रो पढाइमा लगानी पनि निकै गर्नु भएको बुबाले।

'हैन, मलाई पढ्न नि अल्लि गाह्रो लाग्छ, अब क्यानडा गएर सजिलो विषय पढ्ने, जागिर पनि गर्दै जाने। मलाई नेपाल बस्न मन नि छैन।'

उनी गम्भीर हुन थालिन्।

'उसो भए कहिले जान्छौ त क्यानडा?'

'सायद अबको १ हप्तापछि जान्छु होला। अब भयो यो कुरा धेरै नगरम्।' उनको मुहारबाट खुसी हराउँदै गएको थियो।

त्यसैले मैले यो कुरालाई लम्बाउन चाहिनँ, अरू कुरा निकालेँ। साँझ भयो, फर्किने बेला,' म तिर्छु आजको पैसा भन्दै उनैले पैसा तिरिन्।

अर्को दिनबाट उनी कलेजै आउन छोडिन्।

मोबाइलमा उदित नारायण झा र दिपा झाको कुसुमे रूमाल गीत सानो आवाजमा बजिरहेको थियो, कलेजबाट फर्केर म कोठामा आएर मस्त निद्रामा हराइएको थिएँ। मोबाइलमा बज्दै गरेको गीत रोकियो, घन्टी बज्यो। निद्राको तालमै उठाएँ। मोबाइल कानमा लगेर राखेँ। मैले निद्राको तालमा हेलो भनेँ।

'के गर्दै छौ?' उताबाट आवाज आयो। म निद्रामै हराएको थिएँ, केही बोलिन। फोन काटियो।

फेरि गीत बज्न सुरू भयो। म निद्रामा लठ्ठ थिएँ। फेरि मोबाइलको घन्टी बज्यो। मोबाइल कान नजिक पुर्याए।

'सुतिरहेको छौ?' उताबाट आवाज आयो।

'अँ' निद्राको तालैमा भनेँ।

' अनि कि, मेरो भोलि ६ बजेको फ्लाइट छ' उताबाट आवाज आयो। यो सुन्नासाथ मेरो निद्रा हरायो।

के रे?

'भोलि साँझ ६ बजेको फ्लाइट छ मेरो ' उनले भनिन्।

एकैछिन केही बोलिनँ, उनी पनि बोलिनन्, दुबै जना एकछिन मौन भयौं।

'ए ल ल, शुभयात्रा' भन्दै फोन राखेँ।

उनी क्यानडाको लागि उडिन्।

क्यानडा पुगेपछि उनको म्यासेज आयो।

'म यहाँ आइपुगेँ, तिमी नि आफ्नो ख्याल गरेर बस है, अनि राम्रोसगँ पढ।'

तिमी पनि राम्रोसंग बस अनि आफ्नो ख्याल गर भन्दै म्यासेज पठाएँ। त्यस दिनबाट उनी फेसबुकमा भेटिन छोडिन्। उनको म्यासेज आउन छोड्यो। उनको फेसबुकमा मेरो म्यासेजहरूको थुप्रो थियो। उनको बारेमा उनको साथीहरूलाई सोधेँ। क्यानडा गएपछि कुरा नभएको खबर आयो। क्यानडा गएपछि उनी सबैसंग टाढिएकी थिइन्। उनलाइ म्यासेज गर्न छोडेँ। महिनौपछि फेसबुकमा उनको फोटो देखेँ। उनले कुनै केटासंग सेल्फी खिचेर राखेकी थिइन्। त्यो देख्नासाथ फेरि उनलाई म्यासेज पठाएँ।

कता हराकी थियौ, यतिका समय?

केहीबेरमा उनको उत्तर आयो।

'कतै हैन।'

उनलाइ फेरि म्यासेज गरेँ

अनि सन्चै छौ?

'सन्चै छु'

उनको उत्तर आयो।

उनलाई म्यासेज लेख्दै थिएँ। यत्तिकैमा उनको म्यासेज आयो।

'अब मलाई म्यासेज नगर है।'

यति भन्दै उनी फेरि हराइन्। म त्यो म्यासेज देखेर गहिरो सोचमा पुगेँ। सायद क्यानडा पुगेर उनी अर्कैको भैसकेकी थिइन्। सायद उनी क्यानडा उसैको लागि गएकी थिइन्। त्यसपछि उनलाई म्यासेज गर्ने छोडेँ। उनी केही दिनपछि पुनः फेसबुकमा देखिन थालिन्। आफ्ना फोटोहरू राख्न थालिन्। मैले उनलाई चाहेर पनि म्यासेज गर्न सकिनँ। उनी मदेखि पहिलै टाढिएकी थिइन्, म पनि उनीबाट टाढिने सोच गरेँ। उनीसंग बिस्तारै टाढिँदै गएँ। अनि बिस्तारै उनीसंगका यादहरू भुलाउँदै गएँ। कुनै समय निकै मिल्ने साथी हामी, अहिले हामी एकाअर्काबीच अन्जान बन्न पुग्यौं।

# लोकतन्त्रको पर्याय: आचरण र व्यवहार



• युवराज कट्टेल

वि.स.२०६३/०६३को दोस्रो जनआन्दोलनपछि मुलुकमा लोकतान्त्रिक शासन प्रणाली थप मजबुत र सशक्त बन्ने अवस्था सिर्जना भएको हो । ७० वर्ष अघिदेखि जनताले आफ्नो संविधान आफ्नै प्रतिनिधिमार्फत निर्माण गर्ने चाहना मूर्तरुप प्राप्त गरेको ऐतिहासिक क्षण समेत हो। वि.स. २००७ सालमा राजा,राणा र नेपाली कांग्रेसबीच नै विधान सभाको निर्वाचन गर्ने र सो माध्यमबाट नेपालको संविधान निर्माण गर्ने सहमति भएको पाईन्छ। उक्त कुरा तत्कालीन राजा त्रिभुवनको घोषणा र वक्तव्यहरुको ऐतिहासिक दस्तावेजले पुष्टि गर्दछ। राजा त्रिभुवनले गरेको घोषणा कार्यान्वयन हुन नपाउँदै राजाको मृत्यु भएपछि महत्वाकांक्षी राजा महेन्द्रले त्यो कार्यान्वयनमा इमान्दारिता प्रस्तुत नगरेपछि विधान सभाको निर्वाचन हुन सकेन । जसको कारण नेपाली जनताले लामो समयसम्म विभिन्न चरणहरुमा विभिन्न रुपमा आन्दोलनहरु गरिनै रहनु पर्‍यो।

वि.स. २०५२ सालबाट मुलुकमा भएको सशस्त्र द्वन्द्वसँगै तत्कालीन राजदरबारभित्रको शक्तिको खिचातानीले राजा विरेन्द्रसहित राजपरिवारको मृत्यु भएको घटनाले एउटा परिदृश्य सिर्जना गर्‍यो। राजा विरेन्द्रको वंश विनाससँगै राजा घोषित गरिएका तत्कालीन ज्ञानेन्द्र शाहलाई समेत आफ्नो पिता पूर्व राजा महेन्द्रजस्तै महत्वाकांक्षा जाग्नुले समेत दोस्रो जनआन्दोलनको वातावरण सिर्जना भएको पाईन्छ । मुलतः हिंसात्मक आन्दोलनको सट्टा शान्ति र स्थिरताको निम्ति अभुतपूर्व सहभागितामार्फत दोस्रो जनआन्दोलन सफलिभूत हुन पुगेको हो। दोस्रो जनआन्दोलनमार्फत ७० वर्ष अघिदेखि जनचाहनाअनुरुप दुई- दुई पटक संविधानसभा निर्वाचनमार्फत वर्तमान नेपालको संविधान प्राप्त भएको छ।

वर्तमान नेपालको संविधानले सार्वभौमसत्ता सम्पन्न नेपाली जनतालाई मानेको छ। बहुजातीय ,बहुभाषिक ,बहुधार्मिक ,बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरि विविधताबीचको एकता,सामाजिक, सांस्कृतिक ऐक्यबद्धता,सहिष्णुता र सदभावलाई संरक्षण एवम् प्रबर्द्धन गर्ने कुरा संविधानको प्रस्तावना नै स्पष्ट पारेको छ। जनताको प्रतिष्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली ,नागरिक स्वतन्त्रता ,मौलिक अधिकार ,मानव अधिकार ,बालिक मताधिकार ,आवधिक निर्वाचन ,पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र ,निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणालगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रहि समृद्ध राष्ट्र निर्माण गर्ने संकल्प संविधान गरेको पाईन्छ।


२००७ साल फागुन ७ गते राजा त्रिभुवनले गर्नुभएको सम्बोधन

शाही घोषणा

स्वस्तिश्री गिरिराज चक्रचुडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपालतारा, ॐ राम पट्ट, अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट, अतिप्रबल गोरखा दक्षिणबाहु, महाधिपति श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज त्रिभुवन वीरविक्रम जङ्गबहादुर शाहबहादुर शम्शेर जङ्ग देवानाम सदा समरविजयिनाम्–

आगे हाम्रा भरमुलुकका भाइ भारदार सन्त महन्त रैती दुनियाँ साहू महाजन गैह्रके यथोचित

उप्रान्त सम्बत् १९०३ सालमा त्यस समयमा यो राज्यको गद्दीमा राज भएको हाम्रा स्वर्गीय पूज्य जिज्यूबराज्यू श्री ५ महाराजाधिराज सुरेन्द्र विक्रम शाहदेवले धेरै गम्भीर र महत्त्वपूर्ण कारणले आफ्ना र आफ्ना उत्तराधिकारीहरूको तर्फबाट यो मुलुकको शासनभार श्री ३ महाराज जङ्गबहादुर राणालाई सुम्पिबक्सेको हुनाले,

उपरोक्त श्री ३ महाराज जङ्गबहादुर राणाका उत्तराधिकारीहरूले हाम्रा पूर्वजहरूको तर्फबाट मौसूफहरूका प्राइम मिनिष्टरहरूको हैसियतमा यो राज्यको शासन चलाइआएकोले

औ वर्तमान समयमा श्री ३ महाराज मोहनशमशेर जङ्गबहादुर राणाले हाम्रो तर्फबाट औ हाम्रो नाममा यो राज्यको शासन चलाइआएको हो,

औ हाम्रा प्रजाको शासन अब उप्रान्त निजहरूले निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानको अनुसार होओस् भन्ने अहिले हाम्रो इच्छा र निर्णय भएकाले

औ सो विधान तयार नभएसम्म अहिले हामीलाई हाम्रो कार्यसम्पादन गर्नामा मद्दत र सल्लाह दिनाको निम्ति दुनियाँको विश्वास भएका दुनियाँका प्रतिनिधिहरूसमेत सम्मिलित भएको एक मंत्रिमण्डलको संगठन होओस् भन्ने हाम्रो इच्छा र निर्णय भएकोले,

तस्मात् हामीबाट यो घोषणापत्रद्वारा हामीलाई हाम्रो कार्यको संपादनमा मद्दत गर्न, हाम्रा अति विश्वासपात्र र प्रिय श्री ३ महाराज मोहन शमशेर जङ्गबहादुर राणा हाम्रो प्राइम मिनिष्टर र परराष्ट्रमंत्री,

श्री मिनिष्टर बबर शमशेर जङ्ग बहादुर राणा, रक्षामंत्री,

श्री विश्वेश्वर प्रसाद कोइराला, गृहमंत्री,

श्री सुवर्ण शमशेर, अर्थमंत्री,

श्री चूडाराज शमशेर, वन-विभागको मंत्री,

श्री गणेशमानसिंह, उद्योग र वाणिज्यमंत्री,

श्री नृप जङ्ग राणा, शिक्षामंत्री,

श्री भद्रकाली मिश्र, यातायातमंत्री,

श्री यज्ञ बहादुर वस्न्यात, स्वास्थ्य र स्थानीय स्वायत्त शासनमंत्री,

श्री भरतमणि शर्मा, खाद्य र कृषिमंत्री, समेत अरू मंत्रीहरू सम्मिलित भएको एक मंत्रीमण्डल संगठन र नियुक्त गरिबक्सिन्छौं।

माथि उल्लेख गरिएका मंत्रीहरू हाम्रो इच्छाअनुसार आफ्ना ओहदामा रहनेछन्, औ संयुक्त रूपमा हामीपनि जिम्मेदार रहनेछन्। यो राज्यको शासनसम्बन्धी विषयहरूमा मंत्रिमण्डलका सबै निर्णयहरू हामीलाई जाहेर गर्ने हाम्रो प्राइम मिनिष्टरको कर्तव्य हुनेछ। औ यो राज्यको शासनसम्बन्धी विषयहरूका बारेमा हामीले खोजिबक्सेको सबै समाचार पनि उनले हामीलाई जाहेर गर्ने उनको कर्तव्य हुनेछ।

औ हामी यसद्वारा हाम्रा सबै प्रजालाई, हामी र हाम्रा उत्तराधिकारीप्रति सदा वफादारी धारण गर्नाको निमित्त आमन्त्रण गर्दछौं। औ हाम्रा सबै जङ्गी निजामती अफिसरहरू र यस राज्यका अरू बासिन्दाहरूलाई आज्ञाकारी भई हाम्रा मन्त्रीहरूलाई निजको कर्तव्यको संपादनमा मद्दत र सहायता गर्नालाई आदेश गरिबक्सन्छौं।

राजनैतिक अपराधमा पक्राउ परेकाहरू सबैलाई निजहरू २००७।१२।२०१२ अघि आफ्ना आफ्ना घर फर्की शान्तिमय कामकाजमा लागे भने निजहरूलाई माफी र विस्मृति दिने, औ त्यस्ता अपराधमा जफत भएको निजहरूको जायदाद तिनीहरूलाई फिर्ता दिने हाम्रो शाही इच्छा छ।

यो हाम्रो आन्तरिक आशा छ कि यो नयाँ व्यवस्थामा सरकार र दुनियाँले मिलीजुली नेपालको उन्नति र संवृद्धिको निमित्त प्रयत्न गर्नेछन्। परमेश्वरले हामीलाई र हाम्रा अधिकारी वर्गलाई हाम्रा प्रजाको हितको निमित्त उपरोक्त हाम्रा इच्छाहरू पालना गर्ने शक्ति दिऊन्।

नारायणहिटी दरबार,
काठमाडौं,
२००७।११।७।१

२००७ साल फागुन ८ गते प्रकाशित गोरखापत्रबाट साभार




संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति ,सुशासन र समृद्धिको आकांक्षा पूरा गर्न संविधान सभाबाट यो संविधान पारित गरि लागू गरिएको छ।

संविधान लागू गर्ने सन्दर्भमा संविधानले व्यवस्था गरेबमोजिमको स्थानीय तह,प्रदेश र संघीय संसद तर्फको दोस्रो कार्यकालको निम्ति निर्वाचन सम्पन्न गरिसकेको छ। नेपाल सन्दर्भमा हेर्ने हो हरेक १०/१० वर्षको अन्तराल संविधान परिवर्तनको निम्ति आवाज उठ्ने गरेको देखिन्छ । ७०/८० वर्षको अन्तरालमा मुलुकले ७ वटा संविधान प्राप्त गरिसकेको छ। हरेक संविधानभित्र आफ्नै आफ्नै मौलिक पक्ष र विशेषताहरु रहेको पाईन्छ। हाम्रो देशमा संविधानभित्रका सकारात्मक पाटाहरुलाई सशक्त ढङ्गबाट कार्यान्वयन गर्नुको सट्टा संविधान परिवर्तन गर्ने र व्यवस्था नै परिवर्तन गर्ने होड चल्ने गर्दछ। छिमेकी मित्र राष्ट्र भारतमा ,जापान ,अमेरीकाजस्ता देशहरु लामो समयसम्म संविधान र व्यवस्था परिवर्तनहरु भएको पाईदैन । बरु उक्त संविधानमा भएका कमिकमजोरीहरु विभिन्न समयमा संशोधनको माध्यमबाट थप व्यवस्थित र जनमैत्री बनाउने प्रयत्न र कोसिस गरेको पाईन्छ ।

वर्तमान नेपालको संविधान थुप्रै सकारात्मक पक्षहरु रहेका छन् । यसलाई जनस्तरमा कार्यान्वयनमा ल्याउनको निम्ति २०० भन्दा बढी ऐन तथा कानुनहरु तर्जुमा गर्न बाँकी छ। संविधानले गरेका व्यवस्थाहरुलाई कार्यान्वयनको निम्ति पहिलो प्रतिनिधिसभाबाट नै अग्रसरता लिनु पर्थ्यो। संसदको अंकगणितीय दृष्टिकोणमा समेत त्यो प्रतिनिधिसभालाई सहज थियो। तत्कालीन नेपाल कम्युनिस्ट पाटी (नेकपा) स्पष्ट बहुमत प्रतिनिधि सभामा थियो । राष्ट्रपति,प्रधानमन्त्री र सभामुख समेत सोही पार्टीबाट चयन भएको थियो। इमानदारितापूर्वक संविधानले प्रत्याभूत गरेका व्यवस्थाहरुलाई कार्यान्वयन निम्ति आवश्यक ऐन तथा कानुनहरु तर्जुमा जुट्नुको सट्टा पार्टीभित्रको आन्तरिक किचलोलाई लिएर प्रतिनिधि सभाको नै हत्या गर्ने कुचेष्टा गरियो। स्वास्थ्य ,शिक्षा जस्ता दिनदैनिकी आमजनतासँग सरोकार विषय आज पनि जस्ताको त्यस्तै छन् ।

जसको कारण संविधान र व्यवस्थाप्रति नै वितृष्णा उत्पन्न हुँदै गएको छ। तीन तहको सरकारको परिकल्पना संविधानले गरेको भएपनि सो अनुरुप कानुनको तर्जुमा भएका छैनन् । जसले गर्दा सरकारी संयन्त्रहरुकै बीचमा अधिकारको विषयमा द्वन्द्व सिर्जना भइरहेको छ। शिक्षा जस्तो महत्वपूर्ण विषयमा राज्य संवेदनशील र गम्भीर बन्न सकेको छैन । संविधानले माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ ।सो अनुकूलको कानुनी प्रबन्ध हुन नसक्दा आज शिक्षा क्षेत्रमा अधिकारको विषयमा परस्पर द्वन्द्व चलिरहेको छ। आज पनि पञ्चायत कालमा बनेको शिक्षा ऐन २०२८ बाट आफ्नो शिक्षा प्रणाली चलिरहेको छ ।संघीय शिक्षा ऐन तथा संघीय निजामती ऐन,स्वास्थ्य ऐन जस्ता महत्वपूर्ण र प्रत्यक्ष आम सरोकार विषयसँग सम्बन्धी ऐन वर्तमान नेपाल संविधान अनुकुल हुने गरि जारी हुन नसक्दा जनतामा निराशा उत्पन्न भएको छ। जसको कारणले संविधान र व्यवस्था प्रणालीकै विरुद्ध विचार विमर्श हुन थालेको छ। संविधानसभाबाट संविधान जारी भएपछि दोस्रो कार्यकालको निर्वाचन सुसम्पन्न भएको छ। वर्तमान प्रतिनिधि सभामा कुनै पनि राजनैतिक दलहरुको स्पष्ट बहुमत छैन एकातर्फ भने अर्कोतर्फ राजनैतिक नेतृत्वप्रतिको वितृष्णा प्रतिकको रुपमा वैकल्पिक राजनैतिक दलको उदय भएको छ। त्यस्तैगरी वर्तमान व्यवस्था र प्रणालीको विरुद्ध आवाज उठाउँदै पुनःराजतन्त्र स्थापनाको विषय उठाउँदै आएको राजनैतिक दल वर्तमान प्रणाली र व्यवस्थाको हिमायतीकै सहयोगमा अघिल्लो संसदको तुलनामा सशक्त र मजबुत ढङ्गले आफ्नो उपस्थिति जनाएको छ। यी सबै परिदृश्यको बीचमा वर्तमानमा सरकारको गठबन्धन भनै अप्राकृतिक र अप्रासंगिक रहेको देखिन्छ । गणतन्त्रको र राजतन्त्रको हिमायती एउटै रथमा सयर गरिरहेका छन् । यी सबै विषयलाई आम नेपाली जनताले नजिकै नियालिरहेका छन् । गठबन्धन बनाउने,बदल्ने र भत्काउने क्रम राष्ट्रपति निर्वाचन क्रमसम्म चल्ने देखिन्छ । यस्ता प्रकारका क्रियाकलापले राजनीतिप्रतिको वितृष्णा ,निराशा र आवेगलाई थप बढाउँदै जाने निश्चित रहेको छ। कोभिड -१९ पछिको आर्थिक मन्दी तथा असहज वातावरणलाई वर्तमान सरकारले उचित ढङ्गले सम्बोधन र व्यवस्था गर्न नसकेमा वर्तमान संविधान र व्यवस्था नै जोखिममा पर्ने देखिन्छ ।

व्यवस्था र अवस्था परिवर्तनको निम्ति नेपाली जनताले पटक -पटक आन्दोलन गरे,ज्यानको आहुति दिएका छन् । व्यवस्था परिवर्तन भयो तर अवस्था जस्ताको त्यस्तै छ। अहिले सम्मको परिस्थितिलाई हेर्ने हो भने अवस्था परिवर्तन केही हुने छैन । व्यवस्थाभित्रका अव्यवस्थाहरुलाई परिवर्तन गर्नु जरुरी छ। नेपाल संविधानले परिकल्पना गरेका मौलिक हक,अधिकार कार्यान्वयनको निम्ति सोही अनुकुलको ऐन ,नियम ,कानुनहरुको तर्जुमामा विलम्ब गर्नुहुन्न । केन्द्रीय राज्यसत्ताको विरुद्धको आवाजलाई सम्बोधन गर्नको निम्ति संघीय स्वरुपको राज्यको परिकल्पना संविधानले गरेको छ तर, सो बमोजिमको कुनै पनि कानुन बन्न सकेको छैन । जसको कारण प्रादेशिक र स्थानीय संरचनाले संविधानको मर्म अनुरुप काम गर्न सकेको छैन । त्यसकारण वर्तमान प्रतिनिधि सभाको कार्यभार भनेको संविधान अनुकुलका व्यवस्थाहरु क्रियाशील तुल्याउन कानुन निर्माणमा जोड दिनु आवश्यक छ भने अर्कोतर्फ जनताका दैनिकी जनजिविकाका सवालहरुलाई सम्बोधन गर्नु जरुरी छ। जकडिएर रहेको भ्रष्टाचार तथा अनियमितता,प्रशासनिक ढिलासुस्ती जस्ता अव्यवस्थाहरुमा सरकार खरो रुपमा उत्रिनु आजको युगनी आवश्यकता हो ।

प्रत्येक राजनैतिक दलहरुले आफूभित्र पूर्ण लोकतान्त्रिक अभ्यास र आचरण लागू गरि आफूलाई रुपान्तरण गर्दै लोकतन्त्र मजबुत बनाउने अभियान संचालन गर्नु जरुरी छ । वास्तवमा लोकतन्त्र भनेको आचरण ,व्यवहार,अनुशासन ,विश्वास र प्रतिबद्धता नै हो। यी सबै विषयमा नेपाली राजनीति स्खलित हुँदै गएको छ। आरोप ,प्रत्यारोप ,छलछाम, षड्यन्त्रको पर्याय भनेको नेपाली राजनीतिलाई विश्वास दिन नसकेमा लोकतन्त्र साथै वर्तमान संविधान र प्रणाली नै धरापमा पर्ने निश्चित छ।

# मर्जमा जाँदैछौं–शिखर साकोस अध्यक्ष राउत



*२०६७ साल असोज २२ गते शिखर बचत तथा ऋण सहकारी संस्था बिर्तामोडमा स्थापित भएको थियो । स्थापनाको छोटो समयमा नै सदस्यहरुको विश्वास र चर्चा बटुल्न सफल यस संस्थाले मर्जमा जाने निर्णय गरेको छ । अहिले बैंक तथा वित्तीय संस्थाहरु मर्जमा गईरहँदा शिखर साकोसको यो निर्णयले बिर्तामोडको सहकारी क्षेत्रमा नै राम्रो सन्देश जाने आम अगुवा सहकारीकर्मीहरुको बुझाई छ । ७ हजार शेयर सदस्य ,५ करोड ३७ लाख शेयर पुँजी, ५६ करोडको बचत तथा ६४ करोड ऋण लगानीमा रहेको छ भने विभिन्न कोषमा ५करोडको हाराहारीमा रहेको छ ।प्रस्तुत छ यसै विषयमा संस्थाका अध्यक्ष दिपेन्द्र राउतसंग गरिएको यो कुराकानीः-*

**शिखर सहकारी किन मर्जमा जान लागेको हो ?**

शिखर सहकारी संस्था स्थानीय स्तरको संस्था हो । सहकारी क्षेत्रलाई अझ मजबुत बनाउन र सदस्यहरु पनि एक व्यक्ति एक सहकारी हुनु पर्छ र सदस्यहरुमा सहकारीप्रतिको विश्वास र भरोसा अझ मजवुत बनाउनु पर्छ भन्ने मान्यताले हामी मर्जमा जान लागेका हौं ।

**शिखर साकोसलाई मर्जले के फाईदा हुन्छ ? अस्तित्व गुम्दैन र ?**

शिखर साकोसलाई मर्जले फाईदा हुने नहुने भन्दा पनि सदस्यहरुलाई फाईदा पुर्‍याउनु हाम्रो उद्धेश्य रहेको हुन्छ । सहकारीको अभियानको अस्तित्व हामीले बचाउनु पर्छ । संस्थाको अस्तित्वले कुनै महत्व राख्दैन ।

**सहकारी क्षेत्रमा दिन प्रतिदिन सहकारी भाग्ने क्रम बढिरहेको छ नि ?**

जुन सहकारी संस्थामा सदस्यहरुभन्दा ग्राहक सोसरह कारोवार गरियो, त्यस्ता सहकारीहरु दुर्घटनामा परेका छन् । हरेक क्षेत्रमा गलत प्रवृति भएका मानिस छन् । त्यस्तै गलत प्रवृति बोकेका संचालकहरु भाग्ने गरेका छन् । ३० हजारका हाराहारीमा संस्था छन् । यदाकदा यस्ता घटना घटेका छन् ।

**एकिकरणले सहकारी क्षेत्रलाई राम्रो बनाउन सक्छ ?**

अवश्य पनि, एकिकरणले सहकारी क्षेत्रलाई राम्रो बनाउन सक्छ । आज धेरै सहकारी संस्था भएर बजारमा ऋण लगानी जोखिममा भैरहेको छ । ऋण लगानीमा प्रतिष्पर्धाभैं भएको छ । जसले गर्दा ऋण जोखिम बढिरहेको छ । एकिकरणले ऋण सुनिश्चितता पनि गर्दछ र सदस्य पहिचान पनि बढ्छ । धेरै संस्थाभन्दा पनि एउटै संस्थासंग कारोवार गर्दा सेवा सुविधा पनि पाउन सकिन्छ ।

**ऋण जोखिमको कुरा गर्नु भयो । के सहकारीका ऋण जोखिममा छन् ?**

अहिले बजारमा आएको मन्दीले गर्दा सदस्यहरुको व्यापार व्यवसायमा पनि मन्दी छाएको छ । बैंकले त जे जसरी भए पनि ऋण असुली गर्छ तर, सहकारीको ऋण तिर्न सदस्यहरु त्यति सचेत भएको पाइदैन । सदस्यहरुले ऋणमा पनि सचेत रहनु पर्छ किनकी सहकारीले सदस्यहरुकै बचतलाई सदस्यहरुमै ऋण लगानी गरिने भएको हुँदा ऋण असुली हुन जरुरी छ ।

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा

PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०


MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष: महत्वपूर्ण कामको योजना बन्नेछ । सामाजिक क्षेत्रबाट सफलता पाइएला । | कर्कट: साझेदारी काममा उल्झन आउन सक्छ । स्वास्थ्य सम्बन्धी चिन्ता बढ्नेछ । | तुला: आज अरुलाई प्रभावित पारेर काम बन्नेछ । न्यायिक कार्यमा सफलता मिल्नेछ । | मकर: आज नयाँ अवसरहरू आउनाले मन प्रसन्न रहनेछ । स्वादिष्ट भोजनको योग छ । |
| वृष: आज भाग्यले विभिन्न अवसर जुराउनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ । | सिंह: ठीक समयमा सही निर्णय लिन सकिनेछ । राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ । | वृश्चिक: सहकर्मीबाट विरोध पनि आउन सक्छ । खर्चसमेत बढ्ने योग छ । | कुम्भ: आज पुरानो समस्या सुल्झाउन सकिनेछ । देश र सामाजिक हितमा मन जानेछ । |
| मिथुन: नयाँ रचनात्मक काममा जुट्ने समय छ । धार्मिक क्षेत्रमा रुचि बढ्नेछ । | कन्या: आज धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । सफल यात्राको योग छ । | धनु: धैर्य एवं लगनशीलताले अवसर दिलाउनेछ । प्रेम सम्बन्ध अझै कसिलो हुनेछ । | मिन: मनमा उत्साहको कमी देखिनसक्छ । गरिएको कामबाट लाभ लिन सकिने छैन । |